# बुटवल उपमहानगरपालिका
## बुटवल, रुपन्देही
## लुम्बिनी प्रदेश, नेपाल

फोन : ०७१-५३०११२, ५३००३५
E-mail: info@butwalmun.gov.np

प.सं.०८३/०८४
च.नं

मिति २०८३/०५/११

## सूचना ।

आदरणीय आमाबुवा, दाजुभाइ तथा दिदीबहिनीहरु, मिति २०८३/०५/१० गतेका दिन रसुवा गढी नाका हुँदै आएको बाढीबाट ठूलो जनधनको क्षति भएको र उक्त बाढीबाट प्रभावितहरुको यथार्थ अभिलेख प्राप्त हुन अझ केही समय लाग्ने देखिन्छ । बाढीबाट प्रभावित पीडित व्यक्ति एवंपरिवारहरुलाई तत्कालीन उद्धार एवं राहतका लागि मिति २०८३/०५/११ गते नगरस्तरीय राजनैतिक दलहरुसहितको उपस्थितिमा बसेको स्थानीय विपद् व्यवस्थापन समितिको बैठकको सिफारिस समेतका आधारमा तत्काल आकस्मिक रुपमा कार्यपालिकाको बैठक बसी राहतका लागि प्रधानमन्त्री राहत कोषमा रु ५१,००,०००।- साथै सबै जनप्रतिनिधि र कर्मचारीहरुको रकम समेत यसमा थप गरी उपलब्ध गराउने र पालिका क्षेत्रका नागरिकहरुमध्ये उक्त विपद्मा कोही परेको जानकारी भएमा निजको उद्धारका लागि थप रु ५,०००००।- सहयोग गर्ने । नेपाल सरकार, वैदेशिक दातृ निकाय, देशभित्रका सबै कार्यालय, संघसँस्था एवं व्यक्तिहरु समेतबाट बाढी प्रभावित परिवारहरुलाई उद्धार र राहतका कार्यक्रमहरु उपलब्ध गराउदै आएको यस दुःखद् घडीमा सामाजिक उत्तरदायित्वका हिसावले आफ्नो तर्फबाट पनि सक्दो सहयोग गर्नु पर्ने समयमा मनोरञ्जनात्मक कार्यक्रम गर्न मनासिव समेत नहुने भएकोले मानवीय संवेदनालाई मध्यनजर राखी मिति २०८३/०५/२२ सम्म( १३ दिन) कुनैपनि मनोरञ्जनात्मक कार्यक्रम नगर्न, नगराउन बुटवल स्थित सम्पूर्ण राजनीतिक दल, जनप्रतिनिधि, कर्मचारी, संघसंस्था एवं नगरबासीहरुलाई बुटवल उपमहानगरपालिका हार्दिक अपिल गर्दछ । उक्त अकल्पनीय घटनाका घाइतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना साथै दिवंगत आत्माको चीर शान्तिको कामना सहित हार्दिक समवेदना व्यक्त गर्दछ ।

खेलराज पाण्डेय
नगरप्रमुख

**खेलराज पाण्डेय**
**प्रमुख**
**बुटवल उपमहानगरपालिका**